# थुलुङ दुधकोशी गाउँपालिकाबाट उपलब्ध गराउने सेवाका मापदण्डहरु

## १.परिचय

नेपालको संविधानले ३ तहले सासन व्यावस्था उपलब्ध गरेको छ । तीन तहको सरकारले उपलब्ध गराउने सेवा, (अधिकारका सूचीहरु) संविधानको अनुसूची ५,६,७,८ र ९ मा उल्लेख गरिएको छ । स्थानीय तहको अधिकार नेपालको संविधानको अनुसूची ८ मा एकल अधिकार सूची र अनुसूची ९ मा साझा अघिकार सूचीको व्यवस्था गरिएको छ । स्थानीय तहले उपलब्ध गराएको सेवालाई प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ जारी गरिएको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागी समय - समयमा संविधान तथा प्रदेश सरकारबाट विभिन्न आदेश परिपत्र जारी भएका छन् । सो समेतको आधारमा भीमफेदी गाउँपालिकाबाट उपलब्ध गराउने सेवालाई प्रभावकारी बनाउन मिति २०७६ भदौ ६ गतेको निर्णय अनुसार निम्न मापदण्ड / आधारमा गरिने छ ।

- सासकीय प्रणालीको अवलम्वन गर्दा नेपालको संविधानमा गरिएका व्यावस्था अवलम्वन गर्ने ।
- बार्षिक वजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा संघिय र प्रदेशका नीति तथा कार्यक्रमको पालना गर्ने ।
- स्विकृत बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली,२०६४, थुलुङ दुधकोशी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली गाउँकार्यपालिकाको बैठक तथा गाउँ सभाबाट भएका निर्णय बमोजिम गर्ने ।
- गाउँपालिकाबाट उपलब्ध गराईने सेवा तोकिएको समयमा तोकिएको कर्मचारी तथा पदाधिकारीबाट गुणस्तरीय सेवा उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

* गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीको नियमित बैठक बसि सेवा प्रवाहको स्थिति, समस्या आदिको पहिचान गरी निरन्तर सुधारमा जोड दिने ।

२.न्यायीक समिति

न्यायीक समितिबाट उपलब्ध गराईने सेवा प्रवाह गर्न नेपालको सविधान, स्थानिय सरकार संचालन ऐन, २०७४ तोकिएको क्षेत्र भित्र रही गाउँपालिकाको न्यायीक समिति संचालन कार्य विधि तथा मेलमिलाप समिति संचालन सम्बन्धि कार्यविधि बमोजिम गर्ने ।

* न्यायीक समितिको प्रतिवेदन नियमित रुपमा पेश गर्ने । न्यायीक समितिमा कानुनी सहजकर्ता तथा प्रमुख प्रशासकीय अधिकृतले तोकिएको कर्मचारीले गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सहजिकरण गर्ने ।

३.विषयगत शाखा(कृषि, पशु, शिक्षा , महिला विकास , स्वास्थ्य शाखा)

* विषयगत शाखाले काम गर्दा प्रमुख प्रशासकीय अधिकृतको प्रतक्ष्य निर्देसनमा रहि प्रचलित कानुन बमोजिम सेवा प्रवाह गर्ने । प्रमुख प्रशासकीय अधिकृतलाई अध्यक्ष, उपाध्यक्ष तथा विषयगत समितिले निर्देशन दिन सक्ने छन । प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ ।
* विषयगत शाखाका कर्मचारीहरुले नियमित सेवा उपलब्ध गराउनुका साथै स्विकृत कार्यक्रम समयमै आर्थिक अनुसासनको परिधिमा रहि गर्ने ।
* आफ्नो शाखा संग सम्बन्धित विषयहरु सेवा प्रवाहको क्रममा देखिएका समस्याको बारेमा नियमित रुपमा विषयगत समितिसंग छलफल गर्ने र कार्यपालिकामा छलफलको लागी सिफारिस गर्ने ।
* शिक्षा शाखाले यस गाउँपालिकाका सबै विद्यालयहरुको व्यवस्थापन सम्बन्धि कार्य गर्ने ,स्वास्थ्य शाखाले सम्पूर्ण स्वास्थ्य संस्था ,कृषि र पशु शाखाले तोकिएका सेवा केन्द्रहरु व्यवस्थापन गर्ने ।

४.योजना तथा प्राविधिक शाखा



प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकाको स्विकृत कार्यक्रम तोकिए बमोजिम समयमै सम्पन्न गर्ने ।
- अनुगमन प्रणाली तथा मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने ।

५.वडा कार्यालयको व्यवस्थापन

- यस गाउँपालिकामा रहेका ९ वटै वडा सचिवको नियमीत व्यवस्था गर्ने
- वडा सचिवको सम्पूर्ण कार्य प्रणालिलाई व्यवस्थापन गर्न वडा सचिवहरु पालिकामा आउदा उनीहरुको सम्पर्क शाखा वा सम्पर्क कर्ममचारी तोकी सेवा प्रवाहलाई प्रभावकारी बनाउने , वडा कार्यालयमा वडा अध्यक्ष र वडा सचिव विच पारस्यरीक समन्वय सहकार्यमा कार्य गर्ने वातावरण बनाउने र वडा सचिवको नियमित बैठक राख्ने ।
- प्राविधिक (ईन्जिनियर) शाखाको कामलाई वडा बाँडफाँडगरी सेवा प्रवाह व्यावस्थित बनाउने ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली बैङ्किङ प्रणालीमा आवद्धता गराउने ।
- सेवा प्रवाह गर्दा विद्युतीय प्रणाली अवल्बनमा जोड दिने ।

६.साझा मापदण्डहरुः-

- सबै कर्मचारीहरले अनिवार्य रुपमा तोकिएको पोषाक, परिचयपत्र प्रयोग गर्ने ।
- सेवाग्राहिसंगको व्यवहार सुमधुर बनाउने ।
- सेवाको गुणस्तरमा विषेश ध्यान निने ।
- कार्यापालिकाको निर्णयहरु पालना गर्ने
- तोकिएको निर्देशन र समयको पालना गर्ने ।
- राजनैतिक तटस्थाता र प्रसाशनिक प्रविद्धताको पालना गरी सेवा प्रवाह गर्ने ।

७.सेवा प्रवाहका नविन प्रविधिहरु सम्बन्धमा

- घुम्ति सेवा प्रणाली
- नागरीक वडापत्र



प्रमुख प्रशासकीय अधिकृत

- उजुरी पेटीका
- गुनासो दर्ता
- सूचना अधिकारी लगाएतका सेवाका नविन विधिको अबलम्वन
- New public Managemen (NPM), New public service (NPS), Good Governance, New public pation (NPP) का विषय वस्तुहरुको अबलम्वन

**८.अन्य शाखाहरुको सम्बन्धमा**

गाउँपालिकामा रहेका प्रधानमन्त्री रोजगार, सूचना प्रविधि अधिकृत, MIS शाखा, एक गाउँ एक कृषि तथा पशु प्राविधिक, एक विद्यालय एक नर्स लगाएतका कार्यक्रमसंग सम्बन्धित कर्मचारीहरुले तोकिए बमोजिम सेवा उपलब्ध गराउने

नागरिकले साशन प्रतिको अपनत्व सेवा प्रवाहबाट झल्कने हुँदा सेवा प्रदायकलाई उच्च मनोबलका साथ सेवामा लाग्ने वातावरण बनाई सघिय सासन प्रणालीलाई सफल बनाइने छ ।

प्रमुख प्रशासकीय अधिकृत